**सुनापति गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः (क) रामेछाप,वागमती प्रदेश  नेपाल, संख्या १
मितिः २०७८/०३/०७

# भाग-३

## सुनापति गाउँपालिकाको कार्यालय

**हिलेदेवी, रामेछाप ।**

**वागमती प्रदेश**

**सुनापति गाउँकार्यपालिकाले बनाएको तल लेखिएबमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्बत २०७७ सालको ऐन/नियमावली/कार्यविधी/निर्देशिका नं. ३**

# सुनापति राजश्व परामर्श समितिको वैठक तथा कार्य सञ्चालन कार्यविधि २०७८

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहको कर तथा गैरकर राजश्वका दरहरुको तर्जुमा, संसोधन, परिमार्जन र परिपालना एवं राजश्व परिचालन सम्बन्धी नीति तथा कानूनकोमस्यौदा तयार गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने जिम्मेवारीका लागि ब्यवस्था गरिएकोस्थानीयराजश्व परामर्श समितिकोकार्यतथा बैठक सञ्चालनलाई ब्यवस्थित, प्रभावकारी र परिणाममुखी बनाउन वान्छनीय भएकोले सोही ऐनको दफा ६५(४) को अधिनमा रही सुनापति गाउँकार्यपालिकाले ऐनको दफा १०२(२) बमोजिम यो राजश्व परामर्श समितिको वैठक तथा कार्यसंचालन सम्वन्धी कार्यविधि, २०७७तर्जुमा गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम स्थानीय राजश्व परामर्श समिति (वैठक तथा कार्य संचालन) कार्यविधि २०७७ रहने छ ।

(२) यो कार्यविधि सम्बन्धित गाउँ कार्यपालिकाले स्विकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः**

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले सुनापति गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "समिति" भन्नाले ऐनको दफा ६५ बमोजिम गठन हुने स्थानीय राजश्व परामर्श समितिलाई सम्झनु पर्दछ ।

(घ) "संयोजक" भन्नाले स्थानीय राजश्व परामर्श समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(ङ) "सदस्य" भन्नाले समितिका सदस्यहरुलाई सम्झनु पर्दछ ।

(च) "सदस्य सचिव" भन्नाले समितिका सदस्य सचिवलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## राजश्व परामर्श समितिको कार्यक्षेत्र

**३. समितिको कार्यक्षेत्रः**(१) समितिको कार्य क्षेत्र ऐनको दफा ६५ उपदफा २ मा उल्लेखित कामका अतिरिक्त देहाय बमोजिम हुनेछः

(क) स्थानीय राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संसोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा गाउँपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने,

(ख) राजश्वको विद्यमान श्रोत, दायरा र दर समेतको बिश्लेषण गरी आगामी आर्थिक बर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने,

(ग) राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको बिश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग र व्यवसाय प्रर्वद्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा सुनापति गाउँपालिकालाई परामर्श दिने,

(च) सुनापति गाउँपालिकाको राजश्व प्रशासन सुधारका लागि अन्य परामर्श दिने,

(छ) आन्तरिक राजश्व सुधारको लागि राजश्व सम्बन्धी जनशक्ति, क्षमता बिकास, प्रविधि उपयोग, नियमित अनुगमन, राजश्व परिचालन अवस्थाको आवधिक समिक्षा र मूल्यांकनको आधारमा कार्यपालिकालाई नीतिगत तथा कार्यगत पृष्ठपोषण सहित सुझाव दिने,

(ज) आन्तरिक राजश्व अभिबृद्धि तथा सुधारका लागि राजश्व सुधार कार्ययोजना तर्जुमा, कार्ययोजनाको प्रभावकारी कार्यान्वयन तथा व्यवस्थापकीय सेवालिने सम्बन्धी नीतिगत र प्रबन्धकीय व्यवस्थापनका लागि गाउँ/नगर पालिकालाई पृष्ठपोषण सहित राय सुझाव दिने,

## परिच्छेदः ३
## समितिका पदाधिकारीहरुको काम, कर्तव्य र जिम्मेवारी

**४. संयोजकको काम, कर्तव्य र जिम्मेवारीः** (१) राजश्व परामर्श समितिको संयोजकको मुख्य भुमिका देहाय अनुसार रहनेछ :

(क) समितिको बैंठकको अध्यक्षता गर्ने,

(ख) स्थानीय राजश्व परिचालनका सम्बन्धमा अध्यक्ष र कार्यपालिकासँग आवश्यक परामर्श गर्ने,

(ग) समितिको बैंठकको मिति तथा समय तोक्ने,

(घ) बैठकको कार्यसूची तय गरि सदस्य सचिवलाई पत्राचारको लागि निर्देशन दिने,

(ङ) राजश्वसँग सम्बन्धित निकाय वा व्यक्तिहरुसँग आवश्यक समन्व्य गर्ने,

(च) समितिको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण कार्यहरुको प्रभावकारी कार्यसम्पादनको लागि नेतृत्व प्रदान गर्ने,

(छ) अध्यक्ष, कार्यपालिका वा समितिले तोकेका अन्य कार्य गर्ने ।

**५. सदस्यहरुको काम, कर्तव्य र जिम्मेवारीः** (१)समितिका सदस्यहरुको जिम्मेवारी देहाय अनुसार हुनेछ :

(क) बैंठकमा उपस्थित भै आन्तरिकराजश्वमा सुधार गर्नुपर्ने बिषयमा सुझावतथा धारणा राख्ने,

(ख) समितिमा आफ्नो प्रतिनिधित्वको क्षेत्रलाई ध्यान दिँदै राजश्व क्षेत्रमा अवलम्बन गर्नुपर्ने नीति तथा कार्यक्रम सुधारका लागि आवश्यक सुझाव दिने,

(ग) स्वीकृत राजश्वका दर र दायरा बमोजिम कर संकलनको लागि आवश्यक सहयोग र सहजिकरण गर्ने,

(घ) संयोजकले तोके वमोजिम राजश्व संकलन कार्यको अनुगमन र सुपरिवेक्षणमा सहभागी हुने,

(ङ) समितिले तोकेका अन्य कार्य गर्ने ।

**६. सदस्य सचिवको काम, कर्तव्य र जिम्मेवारीः** (१) समितिका सदस्य सचिवको भुमिका देहाय अनुसार हुनेछ :

(क) समितिको सचिव भई आवश्यक जिम्मेवारी निर्वाह गर्ने,

(ख) संयोजककोनिर्देशनमाबैठकको प्रस्ताव तयार गर्ने र सदस्यहरुलाई पत्राचार/सञ्चार गर्ने,

(ग) राजश्वसँग सम्बन्धित विषयहरुमा आवश्यक सूचना तथा तथ्याँकहरुको संकलन, विश्लेषण गरी समितिको बैठकमा पेश गर्ने,

(घ) सुनापति पालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यमा सहजिकरण गर्ने,

(ङ) राजश्व सुधार कार्ययोजना बमोजिम आगामी आ.व.को लागि राजश्व आधार, दर र दायरा, मूल्यांकन जस्ता पक्षहरुको विश्लेषण गरी कार्यपालिकालाई आर्थिक विधयेक तयार पार्न सहयोग गर्ने,

(च) समितिको आवधिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने,

(छ) राजश्व प्रशासन सुधारका लागि कार्यक्रमहरु तर्जुमा गरी समितिको वैठकमा प्रस्तुत गर्ने,

(ज) समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद ४
## समितिको बैंठकसमयतालिका, सम्भावित कार्यसूची तथा बैठक सम्बन्धी कार्यविधि

**७. समितिको बैठक**(१) सामान्यतः समितिको वैठकबर्षमा ४पटक बस्नेछ, तर समितिले आवश्यक ठानेमा सो भन्दा वढि वैठक बस्न वाधा परेको मानिने छैन । बैंठकको तालिका देहाय अनुसार हुनेछ :

| **वैठक संख्या** | **बैंठकको सम्भावित समय तालिका** | **बैंठकको सम्भावित कार्यसूची** |
|---|---|---|
| पहिलो वैठक | श्रावण मसान्त भित्र | कार्यविधिको दफा ८ मा उल्लेख भए बमोजिम |
| दोश्रो वैठक | पौष १५ भित्र | कार्यविधिको दफा ९ मा उल्लेख भए बमोजिम |
| तेस्रो वैठक | फागुन १५ भित्र | कार्यविधिको दफा १० मा उल्लेख भए बमोजिम |
| चौथो वैठक | जेष्ठ मसान्त भित्र | कार्यविधिको दफा ११ मा उल्लेख भए |

| | | |
|---|---|---|
| | | बमोजिम |

**८. बैठक र सम्भावित कार्यसूची :** (१) समितिको पहिलो बैठकका सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछ :

(क) चालु आ.व.को लागि आन्तरिक राजश्व तर्फको नीति, कार्यक्रम तथा बजेटलाई प्रभावकारी कार्यान्वयन गर्न कार्यतालिका बनाउने,

(ख) राजश्व संकलनलाई प्रभावकारी बनाउन राजश्व शाखाको संरचनागत सुधार, मानवीय तथा प्रविधिगत क्षमता सुधारको कार्ययोजना र लागत अनुमान तयार गरी कार्यपालिकामापेश गर्ने,

(ग) चालु आ.व.को राजश्व लक्ष्यलाई चौमासिक रुपमा बिभाजन गरी चौमासिक लक्ष्य निर्धारण गर्ने,राजश्व असुलीमा संलग्न कर्मचारीहरुका लागि प्रोत्साहन प्याकेजको प्रस्ताव तयार गर्ने,

(घ) चालु आ.व.को स्विकृत राजश्व नीति तथा कार्यक्रम अन्तर्गत करदाता शिक्षा कार्यक्रमहरुको चौमासिक कार्यतालिका तयार गर्ने,

(ङ) राजश्व असुली कार्यको चौमासिक रुपमा गरिने अनुगमन कार्ययोजना तर्जुमा गर्ने र राजश्वसँग सम्बन्धित संघ तथा प्रादेशिक निकायहरुसंग समन्वय गर्ने,

(च) राजश्व परामर्श समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धि प्याकेज प्रसताव तयार गर्ने,

(छ) समितिले आवश्यक ठानेका अन्य विषयहरु,

(२)दोश्रो बैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछ :

(क) चालु आ.व.को पहिलो ६ महिनाको राजश्व परिचालन सम्बन्धी अर्धवार्षिक समिक्षा,

(ख) राजश्व संकलनलाई प्रभाकारी बनाउन कर प्रशासनमा सुधार, कर शिक्षा कार्यक्रम संचालन जस्ता गतिविधिहरुको संचालन, अनुगमन, समन्वय र सहजिकरण,

(ग) आगामी आ.व.का का राजश्व प्रक्षेपण आधार एवं सूचकहरुको बिश्लेषण,

(घ) आगामी आ.व.को लागि आय अनुमान प्रक्षेपणका आवश्यक आधारभूत सूचना तथ्यांक संकलन,

(ङ) चालु आ.व.को पहिलो ६ महिनामा परिचालितआन्तरिक आयको आधारमा संशोधित अनुमानतयारी,

(च) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

(३)समितिको तेस्रो बैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछ :

(क) चालु आ.व.को पछिल्लो ८ महिनाको आन्तरिक राजश्व परिचालन सम्बन्धी समिक्षा,

(ख) आगामी आ.व. को लागि राजश्वका दरहरुको संसोधन सम्वन्धी प्रस्ताव तर्जुमा गरि कार्यपालिकामा सिफारिस गर्ने,

(ङ) आगामी आ.व.मा राजश्व संकलनलाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन, बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,

(च) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

(४)समितिको चौथो वैठकको लागि सम्भावित कार्यसूचीहरु देहाय अनुसार हुनेछ :

(क) चालु आ.व.को गत १० महिना सम्मको आन्तरिक राजश्व संकलनको समिक्षा र बाँकी अवधिमा उठ्न सक्ने रकमको अनुमान गर्ने,

(ख) आगामी आ.व.को लागि आन्तरिक आय संकलनको लागि ठेक्का वन्दोवस्ती सम्बन्धी कार्यको योजना तयार गर्ने,

(ख) स्थानीय राजश्व नीति, व्यवस्थापकीय प्रबन्ध, संस्थागत क्षमता बिकास सम्वन्धी कार्ययोजना र लागत अनुमानको अन्तिम प्रतिवेदन स्विकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने,

(ग) आगामी आ.व.को आर्थिक विधेयकको मस्यौदा गरी कार्यपालिकालाई अन्तिमप्रस्ताव प्रदान गर्ने,

(घ) समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

**९. समितको वैठक प्रणालीः**(१) समितिको वैठक संचालन प्रणाली देहाय बमोजिम हुनेछः

(क) समितिको वैठक समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार वस्नेछ,

(ख) समितिको वैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुमध्येबाट जेष्ठ कार्यपालिका सदस्यले वैठकको अध्यक्षता गर्नेछ,

(ग) समितिको वैठकमा आवश्यकता अनुसार बिषयबिज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ,

(घ) समितिको वैठकको निर्णय सर्वसम्मतले पारित हुनेछ, यदि सर्वसम्मत हुन नसकेमा बहुमतीय प्रणालीबाट पारित गरिनेछ,

(ङ) समितिको वैठकको निर्णय समितिको संयोजकबाट प्रमाणित हुनेछ ।

(च) समितिको वैठकका निर्णयहरु कार्यपालिका समक्ष पेश गरिनेछ ।

## परिच्छेद ५
## राजश्व अनुमान प्रक्षेपण रआवधिक समिक्षा

**१०. राजश्व अनुमान प्रक्षेपणः** (१) समितिले प्रत्येक बर्ष गाउँपालिकालाई प्राप्त कर तथा गैरकर राजश्व अधिकार क्षेत्र, स्विकृत दर, दायरा, करयोग्य सम्पत्तिको लेखाजोखा, वस्तु र सेवाको प्रचलित बजारमूल्य, प्रशासन संयन्त्र, जनशक्ति, प्रविधि क्षमता समेतको बिश्लेषण गरी परिचालन हुन सक्ने कर तथा गैरकरराजश्वको प्रक्षेपण अनुसूची १ बमोजिमको ढाँचामाकार्यपालिका समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तुत गरिने राजश्व अनुमान प्रक्षेपण तयार गर्दा विगत ३ आ.व.अनुमान र यथार्थ आयको समिक्षा, बिश्लेषणको आधारमा आगामी ३ आ.व.को लागि गरिएको प्रक्षेपण, लक्ष्य, रणनीति र कार्यक्रम सहितको राजश्व सुधार कार्ययोजनालाई आधार मानी प्रक्षेपण गर्नुपर्नेछ ।

(३) समितिले आगामी आ.व.को लागि राजश्व प्रक्षेपण प्रस्तुत गर्दा गाउँपालिकाले प्रस्ताव गरेका आयोजना परियोजनाको लागि आवश्यक पर्ने श्रोत अनुमानको आधारमा न्यून हुने श्रोतका लागि आन्तरिक ऋण परिचालन वा निजी क्षेत्रको लगानी भित्र्याउने जस्ता बैकल्पिकश्रोतको परिचालन सम्बन्धी खाका समेत सिफारिस गर्न सकिनेछ ।

**१५. आवधिक समिक्षाः** (१) समितिले प्रस्ताव गरेको राजश्व अनुमान, सिफारिस गरिएको राजश्व नीति, कार्यक्रम र गाउँपालिकाले पारित गरेको राजश्व लक्ष्य, नीति, कार्यक्रम अनुसार राजश्व परिचालन भए नभएको सम्बन्धमा आवधिक समिक्षा गरी सम्बन्धित क्षेत्रको सुधारका लागि निर्देशन दिन कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम कार्यपालिकालाई दिएको सुझाव कार्यान्वयन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

**१६. उपसमिति वा कार्यदल गठन गर्न सकिनेः** (१)समितिले आन्तरिक राजश्व बृद्धिका लागि सम्बन्धित कुनै बिषयक्षेत्रमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठानेमा उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) यसरी गठन हुने उपसमिति वा कार्यदलको कार्य विवरण, सेवाशर्त सुविधा सम्बन्धी व्यवस्था समितिको सिफारिसमा गाऊँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

**१७. आवधिक तथा बार्षिक प्रतिवेदनः** समितिले आफनो कार्य सम्पादन सम्बन्धी चौमासिक तथा बार्षिक प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गर्नेछ ।

**१८. अधिकार प्रत्यायोजनः** समिति तथा समितिको संयोजकले आफुलाई प्राप्त अधिकारमध्ये केही अधिकार सम्बन्धित समितिका सदस्य वा अन्य पदाधिकारीमा प्रत्यायोजन गर्न सकिनेछ ।

**१९.वैठक भत्ताः** समितिका पदाधिकारीहरुले कार्यपालिकाले तोके बमोजिमको वैठक भत्ता पाउनेछन् ।

**२०. कार्यविधिको व्याख्याः** यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहितरहनेछ ।

**२१. प्रचलित कानूनसँग बाझिएमा :** यस कार्यविधिमा लेखिएका कुनैकुरा प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम नै हुनेछ ।

**अनुसूची १ : आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको अनुमान ढाँचा**

| क्र.सं. | राजस्वका क्षेत्रहरु | चालु आ.ब. को दर | आगामी वर्षका लागि प्रस्तावित दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

संसोधित अनुमानका लागि पुष्ट्याईंका प्रमुख आधारहरु

**अनुसूची २ : राजश्व परामर्श समितिले पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचा**

अनुसूची २

सुनापति गाउँपालिका

राजस्व परामर्श समितिको प्रतिवेदन, ..................

(क) पृष्ठभूमि

(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण र समिक्षा

(ग) राजस्व नीतिहरु

(घ) करका आधारहरु

(ङ) सुधार गर्नुपर्ने विषयक्षेत्रहरु

(च) कार्यपालिकाले तत्काल पहलकदमी लिनुपर्ने

(छ) चालू आ.व. को वाँकी अवधिका लागि संसोधित अनुमान